2020 साल सांस्कृतिक मामिला एजेन्सिको परियोजना "जापानमा बसोबास गर्ने विदेशीहरु" को लागी जापानी भाषा शिक्षा कार्यक्रम

# "तोसिमा वडामा जापानी भाषा सिक्ने वातावरण र सूचना आदानप्रदानको वास्तविक स्थिति सर्वेक्षण" परिणाम रिपोर्ट (बुलेटिन संस्करण)

तोसिमा वडा, नीति तथा व्यस्थापन विभाग, योजना शाखा
गाकुस्युइन विश्वविद्यालय अन्तर्राष्ट्रिय केन्द्र

2021. 3. 6प्रकाशन

केही समय पहिले तोसिमा वडा र गाकुस्युइन विश्वविद्यालयले तोसिमा वडामा बस्ने विदेशी नागरिकहरूलाई लक्षित गरेर एक सर्वेक्षण गरेको थियो। तोसिमा वडामा जापानी भाषा सिक्ने वातावरण कस्तो छ र तोसिमा वडामा बस्ने विदेशी नागरिकहरूमाझ बिभिन्न सूचनाहरू पुगिरहेको छ कि छैन भनेर पत्ता लगाउन सर्वेक्षण गरिएको हो। यस सर्वेक्षणको नतिजाको आधारमा हामी जापानी भाषा सिक्न सजिलो वातावरण सिर्जना गर्ने उपायहरू खोजी गर्नेछौं ।

यो पुस्तिका, सर्वेक्षण परिणामहरूको एक अंश धेरै ब्यक्तिहरुलाई तुरुन्त जानकारी गराउने उद्देश्यले प्रकाशन गरिएको हो। भविष्यमा, अनुवादित संस्करण सहित, तोसिमा वडा तथा गाकुस्युइन विश्वविद्यालयको अन्तराष्ट्रिय केन्द्रको वेबसाइटहरूमा पोस्ट गरिनेछ। विस्तृत विश्लेषण सहितको परिणाम रिपोर्ट 2021 को पहिलो छ महिना भित्र तयार पार्ने योजना छ।

सर्वेक्षणको सार:
सर्वेक्षण कार्यान्वयन निकाय : तोसिमा वडा, गाकुस्युइन विश्वविध्यालय
लक्षित समुदाय : तोसिमा वडामा बसोबास दर्ता भएका 18 बर्ष माथी उमेरका विदेशी नागरिकहरु
विधि : वेबसाइट प्रस्नावली (अनरोध पत्र पाठाइएको)
भाषा : जापानी, सरल जापानी, अंग्रेजी, कोरियन, चाइनीज (सरल, परम्परागत), भेतनामी, नेपाली, बर्मेलि
सर्वेक्षण अवधि : 2020.10.13 ～ 11.1

विषय:
1) जापानी भाषा सिकाइसंग सम्बन्धित विषयबस्तु: सिकाइको अवस्था, जापानी भाषा क्षमता, जापानी भाषाको प्रयोगको अवस्था आदि (सांस्कृतिक मामिला एजेन्सिको "जापानी भाषा शिक्षासंग सम्बन्धित सर्वेक्षणको सार्वजनिक प्रयोगका विषयवस्तु" आंशिक रूपमा संशोधन गरि प्रयोग गरिएकको छ)
2) सूचना आदानप्रदानसंग सम्बन्धित विषयवस्तु: सूचना / सुविधाको प्रयोगको अवस्था, आदि।
3) विशेषता/श्रेय/जिम्मेवार
उत्तरदाता संख्या: 1,348 (पत्राचार गरिएको संख्या: 9,630), मान्य उत्तरहरुको संख्या: 1,179

## 1. उत्तरदाताको बारेमा


### 1-1.जन्मस्थान (देश/क्षेत्र)

| *चीन* | *भियतनाम* | *दक्षिण कोरीया / उत्तर कोरीया* | *ताइवान* | *नेपाल* | *म्यानमार* | *फिलिपिन* | *अमेरिका* | *फ्रान्स* | *मलेसिया* | *अन्य* | *जम्मा (व्यक्ति)* |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 582 | 120 | 102 | 76 | 59 | 53 | 22 | 22 | 15 | 10 | 118 | 1,179 |

### 1-2.लिङ्ग


पुरुष 531(45.04%), महिला 627(53.18%), उत्तर नआएको 19(1.61%), अन्य 2(0.17%) छन्। यहाँ तोसिमा वडामा विदेशी नागरिकहरुको लिङ्गको बर्गीकरणको भन्दा पनि महिलाको संख्या केही धेरै हुन आएको छ।

### 1-3.वर्ष




<सम्पर्क ठेगाना>
〒171-8588 टोकियो तो तोसिमा कु मेजिरो 1-5-1
गाकुस्युइन दाईगाकु कोकुसाई सेन्टर
ईमेल : nnet.toshima.jimu@gmail.com
टेलिफोन : 03-5992-1024

## 1-4.आवासीय योग्यता




## 1-5.जापान बसाई अवधि

| जापान बसाई अवधि | व्यक्तिको संख्या(%) |
|---|---|
| 1. 6 महिना भन्दा कम | 4(0.34%) |
| 2. 6 महिना भन्दा बढी～12 महिना भन्दा कम | 66(5.60%) |
| 3. 1 वर्ष भन्दा बढी～3 वर्ष भन्दा कम | 403(34.18%) |
| 4. 3 वर्ष भन्दा बढी～5 वर्ष भन्दा कम | 217(18.41%) |
| 5. 5 वर्ष भन्दा बढी～10 वर्ष भन्दा कम | 211(17.90%) |
| 6. 10 वर्ष भन्दा बढी～15 वर्ष भन्दा कम | 122(10.35%) |
| 7. 15 वर्ष भन्दा बढी | 156(13.23%) |

## 2. जापानी भाषा सिकाइ・जापानी भाषा क्षमता・जापानी भाषा प्रयोगको बारेमा

सर्वेक्षणमा सहभागीहरुलाई हामीले 9 प्रकारका 8 भाषाहरुबाट प्रश्नावलीको उत्तर दिन सजिलो भाषा रोज्न लगाएका थियौं। परिणाम स्वरूप, 1,179 वैध प्रतिक्रियाहरमध्ये, "जापानी भाषा" मा उत्तर दिनेहरु 310 जना थिए। "2." को सन्दर्भमा, जापानी भाषा सिकाइ आवश्यक भएका व्यक्तिहरुको प्रवृत्तिलाई स्पष्ट पार्नु पर्ने आवश्यक ठानेर, हामीले "जापानी संस्करण" (जापानी भाषामा उत्तर दिनेहरु) र "गैर-जापानी संस्करण" (जापानी भाषा बाहेक अरु भाषामा उत्तर दिनेहरु) का उत्तरदाता अलग-अलग छुट्याएर गणना गरेका छौं।

### 2-1.जापानी भाषा सिक्नु भएको छ कि छैन

| | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. छ | 778(89.53%) | 287(92.58%) | 1,065(90.33%) |
| 2. छैन | 91(10.47%) | 23(7.42%) | 114(9.67%) |

### 2-2.अहिले सिकिराख्नु भएको छ कि छैन

| | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. सिकिरहेको छु | 507(58.34%) | 115(37.10%) | 622(52.76%) |
| 2. सिकिरहेको छैन | 362(41.66%) | 195(62.90%) | 557(47.24%) |

### 2-3.जापानी भाषा सिक्ने कारण ・ऊद्देश्य(बहु उत्तर दिन सकिने)

| कारण ・ऊद्देश्य | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. जापानमा जीवनयापन गर्दै जानको लागि आवश्यक भएकोले | 401(79.09%) | 91(79.13%) | 492(79.10%) |
| 2. जापानिज सँगको भेटघाट लाई बढाउनको लागि | 226(44.58%) | 55(47.83%) | 281(45.18%) |
| 3. काममा आवश्यक भएकोले | 236(46.55%) | 55(47.83%) | 291(46.78%) |
| 4. राम्रो अवस्था(सुविधा) को काम खोज्न | 213(42.01%) | 45(39.13%) | 258(41.48%) |
| 5. उच्च अध्ययन र अध्ययनको लागि | 271(53.45%) | 61(53.04%) | 332(53.38%) |
| 6. अन्य | 35(6.90%) | 16(13.91%) | 51(8.20%) |

सबै उत्तरदाताहरू मध्ये 90% सँग जापानी भाषा सिकेको अनुभव छ। कुल उत्तरको लगभग आधा र , "गैर-जापानी संस्करण" का उत्तरदाताहरु मध्ये झन्डै 60％ ले हाल अध्ययन गरिरहेका छन्। अध्ययनको कारण / ऊद्देश्यमा "जापानमा जीवनयापन गर्दै जानको लागि आवश्यक भएकोले" उत्तर दिनेहरु लगभग 80％ छन्।

## 2-4.नसिकेको कारण के होला (बहु उत्तर दिन सकिने)

| कारण | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. जापानी भाषा पहिलो भाषा (मातृभाषा) भएकोले | 2(0.55%) | 38(19.49%) | 40(7.18%) |
| 2. पहिल्यै पर्याप्त मात्रामा जापानीज भाषा जान्ने भएकोले | ①155(42.82%) | 112(57.44%) | 267(47.94%) |
| 3. जापानी भाषा प्रयोग गर्न आवश्यक नभएर | 9(2.49%) | 2(1.03%) | 11(1.97%) |
| 4. जापानी भाषा बाहेकको अन्य भाषाले पनि जीवनयापन गर्न सकिने भएर | 26(7.18%) | 3(1.54%) | 29(5.21%) |
| 5. बच्चाको हेरचाहको कारणले जापानी भाषा सिक्ने अतिरिक्त समय नभएर | 35(9.67%) | 6(3.08%) | 41(7.36%) |
| 6. कामको कारणले जापानी भाषा सिक्ने अतिरिक्त समय नभएर | ②129(35.64%) | 40(20.51%) | 169(30.34%) |
| 7. जापानी भाषा सिक्नको लागि आवश्यक पर्ने रकम पर्याप्त नभएर | 64(17.68%) | 11(5.64%) | 75(13.46%) |
| 8. जापानी भाषा कक्षाको जानकारी नभएर | ③72(19.89%) | 12(6.15%) | 84(15.08%) |
| 9. जापानी भाषा कक्षाको समय नमिल्ने भएर | 42(11.60%) | 7(3.59%) | 49(8.80%) |
| 10. जापानी भाषा कक्षा टाढा भएर जान नसकेको भएर | 14(3.87%) | 1(0.51%) | 15(2.69%) |
| 11. जापानी भाषा कक्षाको सिकाउने तरिका र विषय सामाग्री, स्तर नमिल्ने भएर | 19(5.25%) | 7(3.59%) | 26(4.67%) |
| 12. कसरी अध्ययन गर्दा राम्रो हुन्छ भन्ने नबुझेर | ④68(18.78%) | 11(5.64%) | 79(14.18%) |
| 13. जापानी भाषा सिक्ने सहि शिक्षण सामाग्री नभएर | 27(7.46%) | 4(2.05%) | 31(5.57%) |
| 14. जापानी भाषा सिक्ने सम्बन्धमा परिवारलाई बुझाउन नसकेर | 0(0.00%) | 1(0.51%) | 1(0.18 %) |
| 15. सिक्ने प्रेरणा नपाएर | 21(5.80%) | 8(4.10%) | 29(5.21%) |
| 16. अन्य | 20(5.52%) | 12(6.15%) | 32(5.75%) |

अहिले जापानी भाषा सिकिरहेको छैन भनेर उत्तर दिने व्यक्तिलाई हामीले त्यसको कारण सोधेका थियौं। "गैर-जापानी संस्करण" का उत्तरदाताहरु मध्ये सबै भन्दा धेरै उत्तर "पहिल्यै पर्याप्त मात्रामा जापानीज भाषा जान्ने भएकोले", त्यसपछि क्रमैसंग "कामको कारणले जापानी भाषा सिक्ने अतिरिक्त समय नभएर", "जापानी भाषा कक्षाको जानकारी नभएर", र "कसरी अध्ययन गर्दा राम्रो हुन्छ भन्ने नबुझेर" छन्। यसबाट, समय नभएर, कसरी अध्ययन गर्ने जानकरी नभएर, भनेर उत्तर दिने व्यक्तिहरु पनि धेरै छन् भन्ने कुरा थाहा हुन्छ।

## 2-5.जापानी भाषा सिक्ने इच्छा छ कि छैन

अहिले जापानी भाषा नसिकेकाहरु मध्ये, "गैर-जापानी संस्करण" मा 70% व्यक्तिहरुले सिक्न चाहेका छन्।

| | गैर-जापानी संस्करण | जापानी संस्कारण | सबै उत्तर |
|---|---|---|---|
| 1. सिक्न चाहन्छु | 254(70.17%) | 80(41.03%) | 334(59.96%) |
| 2. सिक्न चाहन्छु जस्तो लाग्दैन | 108(29.83%) | 115(58.97%) | 223(40.04%) |

## 2-6. जापानी भाषा सिक्ने विधि (बहु उत्तर दिन सकिने)


| विधि | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. स्व-अध्ययन बाट (पाठ्यपुस्तकहरु वा टेलिभिजन आदि) | 275(54.24%) | 67(57.39%) | 341(54.82%) |
| 2. स्व-अध्ययन बाट (ईन्टरनेट वा एप्लिकेशन आदि) | 282(55.62%) | 61 (53.04%) | 343(55.14%) |
| 3. सन्चार शिक्षाबाट सिकिरहेको | 35(6.90%) | 8(6.96%) | 43(6.91%) |
| 4. निःशुल्क जापानी कक्षा बाट सिकिरहेको | 27(5.33%) | 5(4.35%) | 32(5.14%) |
| 5. सशुल्क जापानी कक्षा बाट | 47(9.27%) | 7(6.09%) | 54(8.68%) |
| 6. जापानीज भाषा स्कूलमा सिकिरहेको | 215(42.41%) | 38(33.04%) | 253(40.68%) |
| 7. परिवार बाट सिकिरहेको | 10(1.97%) | 10(8.70%) | 20(3.22%) |
| 8. कार्यस्थलमा सिकिरहेको | 82(16.17%) | 27(23.48%) | 109(17.52%) |
| 9. साथी (जापानीज) बाट सिकिरहेको | 91(17.95%) | 32(27.83%) | 123(19.77%) |
| 10. साथी (जापानीज भन्दा बाहेक) बाट सिकिरहेको | 44(8.68%) | 7(6.09%) | 51(8.20%) |
| 11. वरिपरीको कुराकानी सुनेर याद गरिरहेको | 168(33.14%) | 57(49.57%) | 225(36.17%) |
| 12. अन्य | 45(8.88%) | 9(7.83%) | 54(8.68%) |

हाल जापानी भाषा सिकिरहेकाहरू मध्ये लगभग 40% जापानी भाषा स्कूलमा अध्ययन गरिरहेका छन्। अर्कोतर्फ, जापानी भाषा कक्षामा अध्ययन गरिरहेका व्यक्तिहरु, निःशुल्क जापानी कक्षा नै भएपनि लगभग5% मात्र छन्।

यसबाट "स्व-अध्ययन" वा, "वरिपरीको कुराकानी सुनेर याद गरिरहेको" जस्ता आफैले गर्न सक्ने विधिहरू प्रयोग गरेर सिकिरहेका व्यक्तिहरु पनि धेरै छन् भन्ने कुरा थाहा हुन्छ।


## 2-7. अहिलेको जापानी भाषाको क्षमता

「बोल्ने」「सुन्ने」「पढ्ने」「लेख्ने」प्रत्यकको बारेमा, 1.~5. को छनौटहरूबाट आफ्नो क्षमताको आत्म मूल्यांकन गर्न लगाईएको थियो। यहाँ, 「बोल्ने」「पढ्ने」क्षमताको परिणाम प्रस्तुत गर्दछु।




### (1)「बोल्ने」क्षमता

1. आफुले भन्न चाहेको कुरा बिना समस्या भन्नसक्छु
2. आफुले भन्न चाहेको कुरा लगभग भन्नसक्छु
3. सजिलो दैनिक कुराकानी गर्नसक्छु
4. आफ्नो परिचय, तोकिएको अभिवादन, शब्द भएमा भन्नसक्छु
5. लगभग बोल्न सक्दिन




### (2)「पढ्ने」क्षमता

1. वडा कार्यालय वा स्कूल, काम गर्ने ठाऊबाट आएका चिट्ठी/पत्र वा जानकारी पढेर बुझ्न सक्छु
2. वडा कार्यालय वा स्कूल, काम गर्ने ठाऊबाट आएका चिट्ठी/पत्र वा जानकारी पढेर अलिअलि बुझ्न सक्छु
3. समाचार पत्रिका वा म्यागजिनको विज्ञापन वा पर्चा, ट्रेन स्टेशनको समय तालिका वा जानकारी बोर्ड हेरेर, चाहिने जानकारी लिन सक्छु
4. चित्र सहित लेखिएको सजिलो निर्देशनहरु (फोहोर फाल्ने तरिका, खाना बनाऊने तरिका) बुझ्छु
5. लगभग पढ्न सक्दिन

यहाँ "गैर-जापानी संस्करण" का उत्तरदाताहरुको जापानी भाषाको क्षमता "जापानी संस्करण" का उत्तरदाताहरु भन्दा कम भएको थाहा पाउन सकिन्छ। "बोल्ने" क्षमताको सन्दर्भमा, "गैर-जापानी संस्करण" का उत्तरदाताहरूको लगभग 40% "सजिलो दैनिक कुराकानी गर्न सक्छु" वा "आफ्नो परिचय दिन सक्छु" भन्ने स्तरमा छन्। 「पढ्ने」क्षमताको सन्दर्भमा, "लगभग पढ्न सक्दिन" र "चित्र सहित लेखिएको सजिलो निर्देशनहरु बुझ्छु" भन्नेहरु जोडेर करिब 20% छ।

## 2-8. जापानी भाषा प्रयोग गर्ने अवस्था (बहु उत्तर दिन सकिने)

| अवस्था | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. जापानी भाषा प्रयोग गर्ने अवसर छैन | 8(0.92%) | 3(0.97%) | 11(0.93%) |
| 2. छिमेकी भेट्घाटमा | 324(37.28%) | 178(57.42%) | 502(42.58%) |
| 3. रेल वा बस चढने बेलामा | 389(44.76%) | 207(66.77%) | 596(50.55%) |
| 4. दैनिक जीवनयापन वा किनमेलमा | 752(86.54%) | 286(92.26%) | 1,038(88.04%) |
| 5. वडा कार्यालयको काममा | 629(72.38%) | 268(86.45%) | 897(76.08%) |
| 6. हुलाक वा बैंकको काममा | 622(71.58%) | 269(86.77%) | 891(75.57%) |
| 7. काम खोज्ने बेलामा | 379(43.61%) | 158(50.97%) | 537(45.55%) |
| 8. काममा | 526(60.53%) | 230(74.19%) | 756(64.12%) |
| 9. आफु पढ्न जाने स्कूलमा | 401(46.14%) | 117(37.74%) | 518(43.94%) |
| 10. बिरामी भएको बेलामा | 387(44.53%) | 223(71.94%) | 610(51.74%) |
| 11. बच्चाको स्कुलको शिक्षकसँग बोल्ने बेलामा | 128(14.73%) | 55(17.74%) | 183(15.52%) |
| 12. अन्य | 117(13.46%) | 58(18.71%) | 175(14.84%) |

लगभग 90% व्यक्तिहरू "दैनिक जीवनयापन वा किनमेल" मा जापानी भाषा प्रयोग गर्छन्। तर "गैर-जापानी संस्कारण" का उत्तरदाताहरुको प्रायः सबै जसो उत्तर छनोट दर, "जापानी भाषा संस्करण" का उत्तरदाताहरुको भन्दा कम छ। त्यस्तै "गैर-जापानी संस्करण" छनोट गर्नेहरूको जापानी भाषा प्रयोग गर्ने अवस्था "जापानी संस्करण" का उत्तरदाताहरुको भन्दा समग्रमा सीमित छ भन्ने कुरा थाहा हुन्छ।

## 2-9.जापानी भाषा नजानेरे समस्या परेको अवस्था (बहु उत्तर दिन सकिने)

| जापानीज भाषाले गर्दा समस्या परेको अवस्था | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1. समस्यामा परेको छैन | 160(18.41%) | 194(62.58%) | 354(30.03%) |
| 2. छिमेकी भेट्घाटमा | 137(15.77%) | 15(4.84%) | 152(12.89%) |
| 3. रेल वा बस चढने बेलामा | 63(7.25%) | 6(1.94%) | 69(5.85%) |
| 4. दैनिक जीवनयापन वा किनमेलमा | 181(20.83%) | 15(4.84%) | 196(16.62%) |
| 5. वडा कार्यालयको काममा | 365(42.00%) | 22(7.10%) | 387(32.82%) |
| 6. हुलाक वा बैंकको काममा | 297(34.18%) | 20(6.45%) | 317(26.89%) |
| 7. काम खोज्ने बेलामा | 220(25.32%) | 23(7.42%) | 243(20.61%) |
| 8. काममा | 259(29.80%) | 42(13.55%) | 301(25.53%) |
| 9. बिरामी भएको बेलामा | 269(30.96%) | 45(14.52%) | 314(26.63%) |
| 10. बच्चाको स्कुलको शिक्षकसँग कुरा गर्ने बेलामा | 68(7.83%) | 4(1.29%) | 72(6.11%) |
| 11. अन्य | 104(11.97%) | 25(8.06%) | 129(10.94%) |

"गैर-जापानी संस्करण" का उत्तरदाताहरु मध्ये 80% भन्दा बढीले समस्या परेको छ भनेर उत्तर दिएकाले, जापानी भाषा सिकाईको आवश्यकतालाई पुष्टि गर्छ। विशेष गरि, जापानी भाषा धेरै मात्रामा प्रयोग हुने ठाऊको रूपमा उल्लेख गरिएको "वडा (सरकारी) कार्यालयको काम" वा "हुलाक वा बैंकको काम" मा समस्या परेका व्यक्तिहरु धेरै छन् भन्ने कुरा स्पस्ट हुन्छ। त्यस्तै, बिरामी भएको बेलामा वा कामसंग सम्बन्धीत कुरामा समस्या परेका व्यक्तिहरु पनि धेरै छन् भन्ने कुरा थाहा हुन्छ।


## 2-10. पढेर बुझ्न सक्ने भाषा(बहु उत्तर दिन सकिने )

| भाषा | 1.जापानी | 2.चाइनीज | 3. दक्षिण कोरियन / उत्तर कोरियन | 4.अंग्रेजी | 5.फिलीपीनी | 6.भेतनामी | 7.नेपाली | 8.बर्मेलि | 9.थाई | 10.अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर-जापानी संस्करण | 678(78.02%) | 477(54.89%) | 74(8.52%) | 516(59.38%) | 22(2.53%) | 107(12.31%) | 55(6.33%) | 45(5.18%) | 4(0.46%) | 81(9.32%) |
| जापानी संस्करण | 300(96.77%) | 210(67.74%) | 56(18.06%) | 213(68.71%) | 1(0.32%) | 5(1.61%) | 4(1.29%) | 3(0.97%) | 5(1.61%) | 43(13.87%) |
| सबै उत्तर | 987(83.72%) | 687(58.27%) | 130(11.03%) | 729(61.83%) | 23(1.95%) | 112(9.50%) | 59(5.00%) | 48(4.07%) | 9(0.76%) | 124(10.52%) |

# 3. तोसिमा शहरमा जीवनयापनको बारेमा

## 3-1. जानकारी भएको वा नभएको

### ① विपत्ति वा दैवी प्रकोपको बेलामा चाल्नु पर्ने कदमको बारेमा




### ② ठुलो विपत्ति वा दैवी प्रकोपको बेलामा आश्रय (सेल्टर) लिने ठाउँको बारेमा

| | गैर-जापानी संस्करण | जापानी संस्करण | सबै उत्तर |
|---|---|---|---|
| 1.थाहा छ | 446(51.32%) | 205(66.13%) | 651(55.22%) |
| 2.थाहा छैन | 423(48.68%) | 105(33.87%) | 528(44.78%) |

विपत्ति वा दैवी प्रकोपको बेलामा चाल्नु पर्ने कदमको बारेमा "धेरै थाहा छ" र "'लगभग थाहा छ" भन्ने उत्तर जोड्ने हो भने 80% भन्दा बढी हुन्छ। ठुलो विपत्ति वा दैवी प्रकोपको बेलामा आश्रय (सेल्टर) लिने ठाउँको बारेमा "गैर जापानी संस्करण" का आधा उत्तरदाताहरूले थाहा छैन भन्ने उत्तर दिएक छन्, जुन जापानी संस्करणमा जवाफ दिनेहरूको प्रतिशतभन्दा बढी छ।

## 3-2. तोसिमा वडाको होम पेजमा भएको “विदेशीहरुको लागि जीवनयापन जानकारी” हेरेर जानकारी लिएको बारेमा

| श्रेणी | लिइएको जानकारी | उत्तर संख्या |
|---|---|---|
| 1 | ठेगाना /पारिवारिक विवरण दर्ता/ कर प्रक्रिया | 96(68.57%) |
| 2 | स्वास्थ्य/सार्वजनिक बिमा | 72(51.43%) |
| 3 | बसोबास | 71(50.71%) |
| 4 | विदेशी भाषामा दिइने सेवाबारे जानकारी | 60(42.86%) |
| 5 | आपत्कालिन अवस्था / विपत्ति वा दैवी प्रकोप | 52(37.14%) |
| 6 | संस्कृति/गतिविधि/समुदाय | 49(35.00%) |
| 7 | बच्चा हुर्काइ | 19(13.57%) |
| 8 | अन्य | 12(8.57%) |

हामीले “विदेशीहरुको लागि जीवनयापन जानकारी” हेरेका छौं भनेका व्यक्तिहरुलाई कुन जानकारी लिनु भयो भनेर बहु उत्तर दिन सकिने प्रश्नको उत्तर दिन लगाएका थियौं। धेरै जानकारी लिइएको उत्तरमा “ठेगाना/पारिवारिक विवरण दर्ता/कर प्रक्रिया” वा “स्वास्थ्य/सार्वजनिक बिमा” जस्ता प्रशासनिक प्रक्रियाहरु संग सम्बन्धित विषयहरु छन्।

त्यस्तै, “विदेशी भाषामा दिइने सेवबारे जानकारी” पनि 42.86% भएकोले, वडा प्रशासन वा काउन्टरमा बहुभाषि सेवाको आवश्यकतालाई संकेत गर्दछ।

## 3-3.तोसिमा वडामा बहुसांस्कृतिक सह-अस्तित्वको समाज निर्माणको लागि महत्व दिनुपर्ने कुराहरु (3 वटा सम्म छनोट गर्न सकिने )

| श्रेणी | विषयहरु | उत्तर संख्या |
|---|---|---|
| 1 | विदेशी नागरिकहरु र जापानीजहरु बीच सांस्कृतिक आदनप्रदान गर्ने अवसर (कार्यक्रमहरु) को निर्माण गर्ने | 451(38.25%) |
| 2 | विदेशी नागरिकहरुको जीवनयापन र कामको लागि परामर्श लिने ठाउँको व्यवस्था गर्ने | 400(33.93%) |
| 3 | जापानमा जीवनयापन गर्न आवश्यक पर्ने जापानको सिस्टम र नियम बारे सिक्ने अवसर प्रदान गर्ने | 316(26.80%) |
| 4 | विदेशी नागरिकहरूलाई स्थानिय गतिबिधिहरुमा भाग लिन आग्रह गर्ने | 300(25.45%) |
| 5 | जीवनयापन बारे जानकारी दिने माध्यममा विविधीकरण गर्ने (सामाजिक संजाल (SNS) र सुचना तथा संचार प्रबिधि (ICT) को प्रयोग गर्ने) | 284(24.09%) |
| 6 | सांस्कृतिक आदनप्रदान गर्दै एक अर्काको भाषा सिक्ने अवसरको निर्माण गर्ने | 277(23.49%) |
| 7 | जीवनयापनको समय तालिकाको भिन्नतालाई ध्यानमा राक्दै, जापानीज भाषा सिक्ने अवसरहरु बृद्धी गर्ने | 240(20.36%) |
| 8 | जीवनयापन बारे जानकारी अंग्रेजी, चाइनीज र कोरियन भाषा बाहेक अरु भाषा बाट पनि प्रदान गर्ने | 232(19.68%) |
| 9 | विदेशी नागरिकहरुको समुदायलाई सहयोग गर्ने | 203(17.22%) |
| 10 | जापानीजहरुले विभिन्न विदेशी भाषा र विदेशी संस्कृति सिक्ने अवसरको निर्माण गर्ने | 185(15.69%) |
| 11 | जापानीज भाषाका कक्षाहरु जान आउन सजिलो स्थानमा संचालन गर्ने | 184(15.61%) |
| 12 | विदेशी नागरिकहरुको मातृभाषा र संस्कृति प्रचार गर्ने अवसर (स्कुलको कक्षा, गोष्ठी, पुस्तिका आदि) को निर्माण गर्ने | 73(6.19%) |

यहाँ, विदेशी नागरिकहरु र जापानीजहरु बीच सांस्कृतिक आदान प्रदान वा एक अर्काको भाषा सिक्ने, जापानको सिस्टम र नियम बारे सिक्ने अवसर प्रदान गर्ने आदि आपसी संवाद (संचार) सुदृढ पार्नुपर्ने वा बुझाईमा सुधार गर्नु पर्ने अपेक्षा गरिएका उत्तरहरु धेरै छन्।

त्यस्तै, जीवनयापन वा श्रम (काम) संग सम्बन्धित विषयहरुको बारेमा परामर्श लिने काउन्टरको स्थापना गरिनुपर्छ भनेर उत्तर दिने व्यक्तिहरु धेरै हुनुको कारण कोरोनाको प्रभाव भएर पनि हुन सक्छ।

＊यो बुलेटिन संस्करण र अनुवादित संस्करण तोसिमा वडाको होमपेज "विदेशीहरूका लागि जीवनयापन जानकारी" https://www.city.toshima.lg.jp/info/index.html र गाकुस्युइन विश्वविद्यालय अन्तर्राष्ट्रिय केन्द्रको होमपेजमा, 2021 मार्चको मध्यदेखि जारी गर्ने योजना छ।

सम्पादन: गाकुस्युइन विश्वविद्यालय खानेदा तोमोको, खाराकिसावा मिदोरी